# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सं. : २०८२/०८३
चलानी नं. :

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बैजनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँके २०७३

**कार्यालय कामकाजका लागि सवारी साधन भाडामा लिने सम्बन्धि सूचना ।**

*सूचना प्रकाशन मितिः २०८३/०३/०८ गते*

बैजनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले आ.व. २०८३/०८४ मा बैजनाथ गाउँपालिका मुकाम रही प्रयोग गर्ने गरि तोकिएको शर्तको अधिनमा रही सवारी साधन भाडामा लिने निर्णय गरेकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट नियमानुसार खरिद प्रकृयामा भाग लिनका लागि मिति २०८३/०४/१४ गते कार्यालय समय भित्र रु १००० राजश्व तिरी दरभाउ फारम बुझिलिई मिति २०८३।०४।१५ गते अपरान्ह १२ बजेभित्र यस कार्यालयमा दरभाउ पत्र सिलबन्दी गरि दर्ता गरिसक्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।यस सूचना सम्वन्धि विस्तृत जानकारीका लागि ९८५८०६६७५१ मा सम्पर्क गर्न सकिनेछ।

**<u>सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नु पर्ने कागजातहरुः</u>**

१. सवारी धनीको सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी- १ प्रति

२. सवारी धनीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति

३. सवारी चालकको चालक अनुमतिपत्रको प्रतिलिपी- १ प्रति

४. सवारी चालकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति

५. विमा गरिएको प्रमाणको प्रतिलिपी- १ प्रति

६. फर्मको हकमा फर्म दर्ता प्रमाणपत्र, इजाजत पत्र, करचुक्ता प्रमाण पत्र र आवश्यक अन्य कागजातहरु-१/१ प्रति

७. रु १००० राजश्व तिरेको रसिद-१ प्रति

**<u>शर्तहरुः</u>**

- चालु अवस्थामा रहेको चालक सहित पाँच सिट क्षमता भएको १२००± १० सि.सि इन्जिन क्षमता भएको सवारी साधन हुनु पर्ने।
- सवारी साधन सन २०१८ वा सो भन्दा पछिका बर्षमा निर्मित भएको हुनुपर्ने।
- सवारी साधनमा तातो चिसो फाल्ने एसीको सुविधा भएको हुनुपर्ने।
- सवारी साधनको कम्तीमा तेस्रो पक्ष बीमा गरेको हुनुपर्ने।
- सवारी साधनको मर्मत संभार सवारी धनी स्वयमले गर्नुपर्ने।
- इन्धन र सवारी चालकको तलब भत्ता बाहेक प्रति महिना के कति रकममा भाडामा उपलब्ध गराउन सकिने हो? अंक र अक्षरमा स्पष्ट खुलाउनुपर्नेछ।

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

# बैजनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सं. : २०८२/०८३
चलानी नं. :

रामपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल


- २०८४।०४।१५ गते दिनको १ बजे दरभाउ पत्रदाताको प्रतिनिधिको रोहवरमा सिलबन्दी गरि पेश गरिएका दरभाउपत्रहरु खोलिनेछ। सो समयमा प्रतिनिधिहरु उपस्थित नभएमा दरभाउपत्रहरु खोल्न बाधा पुगेको मानिने छैन।
- सवारी भाडामा लिए पश्चात सवारी साधन चौबीसै घण्टा कार्यालयको निर्देशन र नियन्त्रणमा रहने गरि उपलब्ध गराउनुपर्नेछ ।
- प्रस्तावित रकममा १० (दश) प्रतिशत बहाल कर कट्टा गरिनेछ ।
- संभावित दैविप्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनेछ ।
- सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारीको व्यवस्था गर्ने जिम्मेवारी सवारी धनीको हुनेछ। अन्यथा उक्त अवधि भरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।
- सवारी भाडा सम्झौता बमोजिमको रकम महिना भुक्तान भए पश्चात मासिक रुपमा नियमानुसार लाग्ने करकट्टी गरी भुक्तानी गरिनेछ।
- आ.व. २०८३।०८४ को असार मसान्तसम्मको लागि प्रथम पटक सम्झौता गरिनेछ। त्यस पश्चात कार्यालयको आवश्यकता अनुसार पुनः म्याद थप गरि कार्यालयको आवश्यकता अनुसारको अवधि तोकी पुनः सम्झौता गर्न सकिनेछ।
- कार्यालयलाई आवश्यकता नभएको अवस्थामा जुनसुकै बेला सम्झौता रद्द गर्न सकिनेछ।
- उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०८२/०२/...

कमल राज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत